नेपाल सरकार

## उद्योग मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

## त्रिपुरेश्वर, काठमाडौं ।

**श्रमिक भर्ति एंव करार (बैदेशिक रोजगार कम्पनी आदि) सम्वन्धी र सुरक्षा गार्ड आपुर्ति सम्वन्धी क्रियाकलाप संचालन गर्ने कम्पनीहरुका लागि सूचना :-**

व्यवस्थापिका संसद/ अन्तर्रराष्ट्रिय सम्वन्ध तथा श्रम समितिले “नेपालमा म्यानपावर आपूर्तिसंग सम्वन्धित Outsourcing कम्पनीहरु के कति छन ? कुन कुन कम्पनीहरुले के कति कामदारहरु आपूर्ति गरी रहेको छन ? सो कम्पनीहरुले कुन कुन निकायबाट अनुमति लिएको छ ? कम्पनीमा कार्यरत कामदारहरुले के कति तलब सुबिधाहरु प्राप्त गरेका छन् ? हालको अवस्था कस्तो छ ? यी र यस्ता बिषयहरुका बारेमा बिस्तृत अध्ययन गरी यथाशिघ्र प्रतिवेदन बुझाउन नेपाल सरकार, उद्योग मन्त्रालयलाई निर्देशन दिने ।”निर्णय गरी उद्योग मन्त्रालय मार्फत यस कार्यालय समेतलाई निर्देशन प्राप्त भएको छ ।

यस कार्यालयले कम्पनी दर्ता गर्दा कम्पनीको उद्देश्य अनुसार कार्य गर्न सम्वन्धित निकायहरुबाट अनुमति/इजाजत लिनुपर्ने शर्त राखिएको व्यहोरा सम्वन्धित सवै कम्पनीहरुलाई अवगत नै छ ।

उक्त अनुसारको क्रियाकलाप गर्ने उद्देश्य राखी दर्ता भएका सम्पूर्ण कम्पनीहरुले सम्वन्धित मन्त्रालय र अन्तर्गतका निकायहरुबाट अनुमति/ इजाजत लिएर मात्र कार्य संचालन गर्न सक्ने भएकोले त्यस कम्पनीले श्रम तथा रोजगार प्रबर्द्धन मन्त्रालय वा अन्तर्गत निकायबाट र सुरक्षा गार्ड आपूर्ति सम्वन्धि क्रियाकलाप संचालन गर्ने कम्पनीले गृह मन्त्रालय वा अन्तर्गत निकायबाट समेत अनुमति/इजाजत प्राप्त गरी कार्य संचालन गरेको भए सो अनुमति पत्रको प्रति सहित उक्त निर्णयानुसारको जानाकारी यथाशिघ्र यस कार्यालयमा पठाइदिनु हुन अनुरोध गरिन्छ ।

रजिष्ट्रार